21st of January 2026 (Wednesday)

Nepali National

<u>मुख्य समाचार</u>

- राष्ट्रपति द्रौपदी मुर्मुसँग सिक्किमका विद्यार्थीहरूको भेट।।
- उपराष्ट्रपति सी.पी. राधाकृष्णनले देशका सभ्यतागत जरालाई सम्मान गर्ने शासकीय मोडेलमा दिए जोड ।।
- प्रधानमन्त्री नरेन्द्र मोदीले मेघालय, त्रिपुरा र मणिपुरका जनतालाई राज्य स्थापना दिवसको दिनुभयो शुभकामन।।
- सभामुख ओम बिरलाद्वारा लखनउमा 86(chyasi)औँ अखिल भारतीय सभापति सम्मेलनलाई सम्बोधन ।।
- एआई नियमनमा प्रविधि–कानुनी दृष्टिकोण आवश्यक रहेको अश्विनी वैष्णवको भनाइ ।।

<u>राष्ट्रपति द्रौपदी मुर्मु</u>

सिक्किमका विद्यार्थीहरूको एक समूहले आज नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा राष्ट्रपति द्रौपदी मुर्मुसँग भेटघाट गरेको हो। सामाजिक सञ्जालमार्फत राष्ट्रपति मुर्मुले राष्ट्रिय एकता यात्राअन्तर्गत विद्यार्थीहरूले राष्ट्रपति भवनको भ्रमण गरेको जानकारी दिनुभएको छ।

<u>उपराष्ट्रपति सी.पी. राधाकृष्णन</u>

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले देशका सभ्यतागत जरा सम्मान गर्ने, यसको विरासत र संस्कृतिलाई मूल्य दिने तथा विकास सुनिश्चित गर्ने शासकीय मोडेलको आवश्यकता रहेकोमा जोड दिनुभएको छ। उहाँले आज कर्नाटकको Tumkuru स्थित श्री सिद्धगंगा मठमा आयोजित श्री शिवकुमार महास्वामीको सातौँ स्मृति दिवस कार्यक्रममा बोल्दै यस्तो धारणा व्यक्त गर्नुभएको छ।

<u>प्रधानमन्त्री नरेन्द्र मोदी</u>

प्रधानमन्त्री नरेन्द्र मोदीले सामाजिक सञ्जालमार्फत मेघालय, त्रिपुरा र मणिपुरका जनतालाई राज्य स्थापना दिवसको अवसरमा शुभकामना व्यक्त गर्नुभएको छ। उहाँले मेघालयको समृद्ध संस्कृति, प्राकृतिक सौन्दर्य तथा राष्ट्रिय विकासमा रहेको योगदानको प्रशंसा गर्नुभएको छ।

प्रधानमन्त्रीले त्रिपुराको परम्परा र आधुनिकताको सन्तुलन तथा मणिपुरको खेलकुद, संस्कृति र प्रकृतिप्रतिको योगदानलाई पनि उल्लेख गर्नुभएको छ। उहाँले यी तीनै राज्यले आगामी दिनहरूमा पनि निरन्तर प्रगति, समृद्धि र विकास हासिल गरून् भन्ने कामना गर्नुभएको छ।

## लोकसभा सभामुख ओम बिरला

लोकसभा सभामुख ओम बिरलाले संसदका दुवै सदन तथा राज्य विधानसभाहरू राष्ट्रको विकासका लागि छलफल र संवादका महत्वपूर्ण मञ्च भएको बताएका छन्। उहाँले आज लखनउमा आयोजित 86(chyasi)औँ अखिल भारतीय सभापति सम्मेलन (AIPOC) को अन्तिम दिनलाई सम्बोधन गर्दै यस्तो धारणा व्यक्त गर्नुभएको हो। उहाँका अनुसार सम्मेलनमा लोकतान्त्रिक संस्थाभित्र विकसित भारतसम्बन्धी प्रस्तावहरूमा आधारित सकारात्मक विचारहरूमा व्यापक संवाद भएको छ।

यस अवसरमा मुख्यमन्त्री योगी आदित्यनाथले सदन समग्र विकास योजनाका लागि महत्वपूर्ण मञ्च भएको बताउनुभयो। उहाँले देशमा लोकतन्त्रको संस्था अत्यन्त बलियो रहेको र यसले विश्वका लागि प्रेरणा प्रदान गरिरहेको उल्लेख गर्नुभयो।

## मन्त्री अश्विनी वैष्णव

केन्द्रीय इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले कृत्रिम बुद्धिमत्ता (AI) को नियमन केवल अलग–अलग कानुनमार्फत होइन, प्रविधि–कानुनी दृष्टिकोणका आधारमा गर्नुपर्ने बताएका छन्। उहाँले हिजो दावोसमा आयोजित विश्व आर्थिक मञ्चलाई सम्बोधन गर्दै यस्तो धारणा व्यक्त गर्नुभएको हो।

मन्त्री वैष्णवले पूर्वाग्रह र डीप फेक जस्ता जोखिमलाई सामना गर्न बलिया प्राविधिक उपकरण आवश्यक रहेकोमा जोड दिनुभयो। उहाँका अनुसार भारतले ए आई मोडेल प्रयोगमा ल्याउनुअघि पूर्वाग्रह घटाउने, भरपर्दो डीप फेक पहिचान सुनिश्चित गर्ने तथा उचित ‘unlearning’ गर्ने प्रविधि विकास गरिरहेको छ। साथै, सरकारले विश्वव्यापी लागतको एक तहाइ मूल्यमा सरकारी अनुदानसहित graphics processing unit (GPU) पहुँच उपलब्ध गराउँदै एआईलाई सर्वसुलभ बनाइरहेको उहाँले बताउनुभयो।

## ऊर्जा मन्त्रालय

ऊर्जा मन्त्रालयले विकसित भारत @2047 को दृष्टिकोणअनुसार भारतको विद्युत क्षेत्रलाई सुदृढ र आधुनिक बनाउन मस्यौदा राष्ट्रिय विद्युत नीति 2026 सार्वजनिक गरेको छ। यस नीतिले हालको 1,460 युनिटबाट प्रतिव्यक्ति विद्युत उपभोग 2030 सम्म 2,000 युनिट र 2047 सम्म 4,000 युनिटभन्दा बढी पुर्‍याउने लक्ष्य राखेको छ।

मस्यौदा नीतिले 2030 सम्म उत्सर्जन तीव्रता 45(paitalis) प्रतिशतले घटाउने भारतको जलवायु लक्ष्यसँग पनि मेल खान्छ। यो नीति अन्तिम रूप पाएपछि सन् 2005 मा जारी गरिएको राष्ट्रिय विद्युत नीतिको स्थान लिनेछ।

## सुकन्या समृद्धि योजना

सरकारले सुकन्या समृद्धि योजनाअन्तर्गत चार करोड 53(tirpan)लाखभन्दा बढी बैंक खाता खोलिएको र यस योजनामा तीन लाख 66(chyasat) हजार करोड रुपैयाँभन्दा बढी निक्षेप सङ्कलन भएको जनाएको छ। यो योजना जनवरी 2015 मा बेटी बचाओ, बेटी पढाओ अभियानअन्तर्गत छोरीको भविष्य सुरक्षित गर्न सुरु गरिएको हो।

यो सानो बचत योजना हो र हाल यस योजनामा 8.(dasmalab)2 प्रतिशत ब्याजदर प्रदान गरिँदै आएको छ। छोरी जन्मिएको समयदेखि 10 वर्षको उमेर नपुग्दासम्म कुनै पनि बेला खाता खोल्न सकिन्छ। सुकन्या समृद्धि योजना लाखौँ किशोरीका लागि आशा र सशक्तीकरणको बलियो प्रतीक बनेको छ, जसले उनीहरूको सपना साकार पार्ने र भविष्य सुरक्षित गर्ने सरकारको प्रतिबद्धता झल्काउँछ ।

## अटल पेन्सन योजना

सरकारले अटल पेन्सन योजनालाई 2030-31 सम्म निरन्तरता दिने तथा प्रचार–प्रसारसम्बन्धी गतिविधिका लागि आर्थिक सहयोग विस्तार गर्ने निर्णय गरेको छ। सन् 2015 मा सुरु गरिएको यस योजनाले असंगठित क्षेत्रका कामदारलाई बुढेसकालमा आय सुरक्षा प्रदान गर्ने उद्देश्य राखेको छ।

यस योजनाअन्तर्गत 60 वर्ष उमेरपछि योगदानका आधारमा मासिक 1000 देखि 5000 रुपैयाँसम्मको सुनिश्चित पेन्सन उपलब्ध हुन्छ। हालसम्म 8 करोड 66(chyasat) लाखभन्दा बढी व्यक्ति यस योजनामा आबद्ध भइसकेका छन्, जसले यसलाई देशको सामाजिक सुरक्षा प्रणालीको महत्वपूर्ण आधार बनाएको छ।

वायुसेनाको एक माइक्रोलाइट विमानद्वारा जनविहीन क्षेत्रमा आपतकालीन अवतरण।।

वायुसेनाको एक माइक्रोलाइट विमानले प्रयागराज नजिकैको वायुसेना स्टेशन बमरौलीबाट नियमित उडानका क्रममा सुरक्षित रूपमा जनविहीन क्षेत्रमा आपतकालीन अवतरण गरेको छ। यो घटना केपी कलेजको पछाडितर्फ रहेको एक पोखरीमा भएको हो। पोखरीमा पानी रहेकाले दुर्घटनापछि विमानमा आगलागी हुन पाएन।

दुर्घटनाअघि दुवै पाइलटले सुरक्षित रूपमा इजेक्ट गरेका थिए र खुला प्यारासुटसहित पोखरीमा अवतरण गरेका थिए। यस घटनामा कुनै पनि नागरिक जीवन वा सम्पत्तिमा क्षति पुगेको छैन र विमानमा सवार दुवै पाइलट पूर्ण रूपमा सुरक्षित छन्। घटनाको कारण पत्ता लगाउन भारतीय वायुसेनाले छानबिन अदालत (Court of Inquiry) गठन गरेको छ।

77औँ गणतन्त्र दिवस

77औँ गणतन्त्र दिवसको मुख्य समारोहका लागि नयाँ दिल्लीको कर्तव्य पथमा तयारीहरू तीव्र रूपमा अघि बढिरहेको छ। यस अवसरमा विभिन्न क्षेत्रका करिब दस हजार व्यक्तिहरू विशेष अतिथिका रूपमा परेडका साक्षी बन्नेछन्। परेडमा देशको संस्कृति, सैन्य शक्ति तथा गौरवशाली विरासतको अनुपम संगम देख्न पाइनेछ।

भारत र न्युजिल्यान्डबीचको पाँच खेलको टी–20

भारत र न्युजिल्यान्डबीचको पाँच खेलको टी–20 अन्तर्राष्ट्रिय शृंखलाको पहिलो खेल नागपुरस्थित विदर्भ क्रिकेट सङ्घको मैदानमा भइरहेको छ।

आगामी महिनामा हुने आईसीसी पुरुष टी–20 विश्वकपको तयारीका रूपमा सूर्यकुमार यादवको नेतृत्वमा रहेको भारतीय टोलीका लागि यो शृंखला महत्वपूर्ण मानिएको छ। पहिलो टी–20 खेलको अघिल्लो दिन भारतीय टी–20 कप्तानले इशान किशनलाई तेस्रो क्रम (नम्बर–3) मा ब्याटिङ गराइने पुष्टि गर्दै विश्वकप टोलीमा समावेश ब्याट्सम्यानप्रति व्यवस्थापनको विश्वास रहेको बताउनुभएको छ।